अनुसुचि 'ख'

उप-समितिको कार्यक्षेत्र, कार्य विवरण र मार्ग निर्देशन

१. उप-समितिहरूको कार्यक्षेत्र

(क) <u>आन्तरिक राजस्व उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई कमर्समा लागाइने कर तथा आर्थिक ऐन बमोजिम लगाइने अन्य आन्तरिक कर सम्बन्धी नीतिगत र कानूनी विषय, करका दरहरुको पुनरावलोकन, प्रकियागत सरलीकरण र कर प्रणाली सुधार सम्बन्धी विषय रहेका छन् ।

(ख) <u>उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत औद्योगिक प्रवर्द्धन तथा संरक्षण, वाणिज्य, आयात निर्यात तथा वैदेशिक व्यापार, सेवा व्यापार, आपूर्ति व्यवस्थापन तथा लगानी प्रवर्द्धनको लागि गर्नुपर्ने नीतिगत र कानूनी सुधार, प्रक्रियागत सरलीकरण र कर तथा गैर कर प्रोत्साहन सम्बन्धी विषयहरु रहेका छन् ।

(ग) <u>भन्सार उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादनलाई भन्सारका दर मार्फत संरक्षण गर्नुपर्ने देखिएमा सो को विश्लेषण, मूल्याङ्कन प्रणालीमा सुधार, प्रक्रिया सरलीकरण, व्यापार सहजीकरण र सीमा व्यवस्थापन सम्बन्धी विषयहरु रहेका छन् ।

(घ) <u>राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान, सम्पत्ति शुद्धीकरण अनुसन्धान, विदेशी विनिमय नियमन तथा आर्थिक अपराध नियन्त्रण सम्बन्धी विषय रहेका छन् ।

(ङ) <u>कृषि, उर्जा, तथा पर्यटन क्षेत्र उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत कृषि, कृषि उत्पादन तथा व्यवसायीकरण, विद्युत् तथा उर्जा, पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन, र प्राकृतिक स्रोत साधनको संरक्षण एवं व्यवस्थापन सम्बन्धी विषय रहेका छन् ।

(च) <u>बैंक, वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजी बजार उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत बैंक, वित्तीय संस्था, बीमा, रेमिटेन्स, पूँजी बजार, सहकारी, आर्थिक नीति तथा घरजग्गा कारोबार सम्बन्धी विषय रहेका छन् ।

(छ) <u>गैरकर उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत नेपाल सरकारका विभिन्न निकायहरूबाट उठाइने गैर कर राजस्वको क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकन सम्बन्धी विषय रहेका छन् ।

(ज) <u>अन्तर सरकारी राजस्व व्यवस्थापन उप-समिति</u>:- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहको कर प्रणाली, त्यसमा देखिएको दोहोरोपना, अन्तरसरकारी कर प्रणाली व्यवस्थापन गर्ने विषय, राजस्व वाँडफाँड सम्वन्धी व्यवस्थामा गर्नुपर्ने सुधार र देखिएका अन्य समस्या तथा समस्या समाधान सम्बन्धी विषय रहेका छन् ।

(झ) राजस्व ऐन, नियम तथा प्रशासनिक सुधार उप-समितिः- यस उप-समितिको कार्यक्षेत्र अन्तर्गत राजस्व सम्बन्धी ऐन नियममा गर्नु पर्ने सुधार, समग्र राजस्व प्रशासन र संगठन संरचनामा सुधार, कर्मचारी व्यवस्थापन, कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली र वृत्ति विकास सम्बन्धी विषय रहेका छन् ।

२. उप-समितिहरुको कार्यविवरणः

उप-समितिहरुले सरकारको राजस्व नीति, राजस्व सम्बन्धि संगठन संरचना एवं कार्य प्रकृयाको मूल्याङ्कन, व्यवसायमैत्री र लगानी मैत्री वातावरण सृजना हुने गरी कर प्रणालीको विकास, अन्तर्राष्ट्रिय कर, कर छुट तथा दोहोरो करमुक्ति सम्झौताको अध्ययन एवं विश्लेषण, नयाँ कर, खारेज गर्नु पर्ने कर र करका दरहरुमा गर्नुपर्ने परिवर्तन तथा वर्तमान राजस्व सम्बन्धी ऐन कानूनको प्रभावकारी कार्यान्वयन भए नभएको अध्ययन विश्लेषण गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ। उप-समितिहरुले आ-आफ्नो विषय वस्तुमा केन्द्रित रही प्रतिवेदन पेश गर्नु पर्नेछ। उप-समितिको राय सुझाव एवम् सिफारिश तीन महले ढाँचामा प्रस्तुत गर्न पर्नेछ ।

आर्थिक वर्ष २०८०/८१ को राजस्व नीति तथा कार्यक्रम, आर्थिक विधेयक र बजेट तर्जुमाको लागि सुझाव पेश गर्न राजस्व परामर्श समिति अन्तर्गत गठित उप-समितिहरूको कार्यविवरण देहाय अनुसार रहेको छः-

(क) नेपाल सरकारले अवलम्बन गरेको आर्थिक नीतिको आधारमा कर सम्बन्धी नीति एवं कर संरचनाको सामयिक मूल्याङ्कन गरी उपयुक्त र व्यवहारिक सुझाव पेश गर्नु पर्नेछ।

(ख) उप-समितिहरुको सुझाव कराधार विस्तार र उच्च आर्थिक वृद्धि हासिल गर्न अवलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा केन्द्रित हुनु पर्नेछ।

(ग) राजस्व प्रशासन तथा अन्य सम्बन्धित आर्थिक क्षेत्रका ऐन, कानूनमा गरिनु पर्ने संशोधन तथा परिमार्जनको विषयमा विभिन्न क्षेत्रबाट प्राप्त सुझाव समेतको आधारमा समितिमा सुझाव पेश गर्नु पर्नेछ।

(घ) आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुल, शिक्षा सेवा शुल्क र गैरकरका विद्यमान दर अध्ययन गरी परिमार्जनको लागि सिफारिश गर्नु पर्नेछ। साथै करका दर सिफारिश गर्दा एउटा कर र अर्को कर बीचको अन्तरसम्बन्ध समेतलाई दृष्टिगत गरी सुझाव पेश गर्नु पर्नेछ।

(ङ) नयाँ कर लागू गर्ने तथा कुनै कर खारेज गर्नुपर्ने भएमा सम्बन्धित क्षेत्रका विषेशज्ञ, उद्योगी, व्यवसायीहरुसँग अन्तरक्रिया गरी सुझाव पेश गर्नु पर्नेछ।

(च) उप-समितिहरुले सुझाव एवम् सिफारिश गर्दा राजस्व परिचालन, निर्यात प्रवर्द्धन, उद्योग तथा व्यापार व्यवसाय प्रवर्द्धन, पूर्वाधार विकास, प्रक्रियागत सरलीकरण र व्यापार सहजीकरण सम्बन्धी विषयमा यथेष्ट ध्यान पुर्याउनु पर्नेछ।

(छ) नेपाल सरकारको आवधिक योजनामा समावेश भएका नीति तथा कार्यक्रममा आधारित भएर सुझाव पेश गर्नु पर्नेछ । संघीय वित्त प्रणाली सुदृढीकरणको लागि नीतिगत सुझाव समेत पेश गर्नु पर्नेछ।

(ज) नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय शासन सञ्चालन ऐन, २०७४ बमोजिम दुई वा तीन तहको अधिकारमा रहेका करको बारेमा कानून पुनरावलोकन गर्नुपर्ने वा नीति तथा मापदण्ड मार्फत स्पष्ट गर्नुपर्ने विषय भएमा सो सम्बन्धमा गहन अध्ययन गरी राय/सुझाव/सिफारिश पेश गर्नु पर्नेछ।

(झ) सबै उप-समितिहरुले आ-आफ्नो कार्यक्षेत्रमा केन्द्रित रही अन्तराष्ट्रिय स्तरमा देखिएको आर्थिक परिदृश्य, राष्ट्रिय अर्थतन्त्रको अवस्था तथा अन्य समसामयिक विषयका कारण राजस्व परिचालनमा परेको प्रभावको बारेमा अध्ययन गरी आवश्यक सुझाव पेश गर्नु पर्नेछ।

३. मार्ग निर्देशनः

आर्थिक वर्ष २०८०/८१ का लागि राजस्व नीति, आर्थिक विधेयक तथा बजेट एवम् कार्यक्रम तर्जुमाको लागि सुझाव पेश गर्न राजस्व परामर्श समिति अन्तर्गत गठित उप-समितिहरूको प्रतिवेदन तयार गर्ने मापदण्ड तथा मार्गनिर्देशन देहाय अनुसार रहेका छनः-

(क) सबै उप-समितिहरूले आ-आफ्नो कार्यक्षेत्रभित्र रही सुझाव पेश गर्नु पर्नेछ।

(ख) राजस्व परामर्श समितिको मूल उद्देश्य र कार्यमा केन्द्रित रही सुझाब/सिफारिश पेश गर्नु पर्नेछ।

(ग) पेश गरिने सुझाव लागू गर्न सकिने, नतिजा हासिल गर्न सकिने, कार्यान्वयनयोग्य, स्पष्ट, बुँदागत, शीर्षकगत र सरल भाषामा लेखिएको हुनु पर्नेछ।

(घ) पेश गरिने सुझाव वा सिफारिश आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सकिने प्रकृतिको हुनु पर्नेछ।

(ङ) पेश गरिने सुझाव वा सिफारिश अर्थतन्त्रमा देखिएका समस्या र कमिकमजोरी सम्बोधन गर्दै दिगो र उच्च आर्थिक बृद्धिदर हॉसिल गर्न तथा राजस्व परिचालनमा सुधार गर्न सहयोग पुग्ने खालको हुनु पर्नेछ।

(च) कर प्रणालीमा गर्नुपर्ने सुधार र करको दायरा विस्तारका लागि अवलम्बन गर्नुपर्ने रणनीतिका सम्बन्धमा व्यवहारिक सुझाब/सिफारिश प्रस्तुत हुनु पर्नेछ।

(छ) उप-समितिहरूले सम्बन्धित सरोकारवाला वा सम्वद्ध अन्य पक्षसँग छलफल तथा परामर्श गरी सुझाव दिनु पर्नेछ।

(ज) यस पूर्व राजस्व परामर्श समितिले पेश गरेका र कार्यान्वयनमा आइसकेका सुझाव अध्ययन गरी दोहोरो नहुने गरी सुझाव/सिफारिश पेश गर्नु पर्नेछ।

(झ) सबै उप-समितिहरूबाट प्रस्तुत गरिने सुझावको ढाँचा समान हुनु पर्नेछ।

(ञ) चलन चल्तिमा रहेका कुनै पनि विधि/तरिकाको आधारमा प्रतिवेदन तयार गर्न सकिनेछ। प्रतिवेदनमा एकरुपता कायम गर्ने प्रयोजनको लागि देहाय बमोजिमको सामान्य ढाँचा निर्धारण गरिएको छः-

- विषयवस्तुको पृष्ठभूमि,
- विद्यमान अवस्था,
- उप-समितिको कार्यक्षेत्र,
- बिद्यमान ऐन नियमको कार्यान्वयन अवस्था,
- समस्या तथा चुनौती,
- समस्याबाट परेको असर र प्रभाव,
- समस्या समाधानका लागि गरिएका प्रयास,
- सुझाव तथा सिफारिश (नीतिगत, कानूनी, संस्थागत, संरचनागत, प्रक्रियागत, प्रशासनिक, प्राविधिक र अन्य समसामयिक सुधार र परिवर्तन सम्बन्धी)
- निस्कर्ष तथा सारांश।

(नोटः विषयवस्तुको पृष्ठभूमी संक्षिप्त हुनुपर्नेछ)

४. **उप-समितिहरुको बैठक सञ्चालन विधिः**

(क) उप-समितिको सदस्य सचिव संयोजकले तोक्न सक्नेछ ।

(ख) उप-समितिमा सदस्य थप गर्नुपरेमा राजस्व परामर्श समितिको स्वीकृती लिई आवश्यकता अनुसार थप गर्न सकिने छ। उप-समितिले कुनै संघ-संस्था वा व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ग) उप-समितिले आ-आफ्नो कार्य सम्पादन सम्बन्धमा नियमित रुपमा राजस्व परामर्श समितिलाई जानकारी गराउनु पर्नेछ।

(घ) उप-समितिमा सरकारी निकायबाट तोकिने प्रतिनिधि कम्तिमा रा.प.द्वितीय श्रेणीको हुनु पर्नेछ।

(ङ) उप-समितिका सदस्यहरूसँग सम्पर्क तथा सहभागिता सम्बन्धी सम्पूर्ण कार्य उप-समितिका संयोजक वा निजले तोकेको सदस्य-सचिवबाट हुनेछ। साथै उप-समितिको सदस्य वा सदस्य सचिव तोकिएको व्यहोरा उप-समितिका संयोजकले पत्रद्वारा जानकारी गराउनु पर्नेछ ।

(च) राजस्व व्यवस्थापन महाशाखाले उप-समितिको लागि आवश्यक समन्वय, सहजीकरण तथा प्रशासनिक व्यवस्था लगायतका कार्य गर्नेछ।

(छ) उप-समितिले बढीमा पाँच वटासम्म बैठक राख्न सक्नेछ। सो भन्दा बढी वैठकका लागि वैठक भत्ता उपलब्ध गराइने छैन। समितिको वैठकभत्ता र खाजा खर्च अर्थमन्त्रालयले तोकेवमोजिम हुनेछ।

५. प्रतिवेदन पेश गर्नेः-

क. उप-समितिहरुले २०७९ चैत्र मसान्तभित्र एक प्रति सफ्ट कपि (Soft Copy) सहित आ-आफ्नो प्रतिवेदन पेश गर्नेछन। प्रतिवेदनमा उपसमितिको वैठकको माइन्युट समेत संलग्न हुनुपर्नेछ।

ख. प्रतिवेदन तयार गर्दा कालिमाटी फन्ट र अक्षर आकार १२ मा तयार गर्नुपर्नेछ।

ग. प्रतिवेदन राजस्व परामर्श समितिले निर्धारण गरेको ढाँचामा पेश गर्नुपर्नेछ।